छेडागाड नगरपालिका
Chhedagad Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

कार्कीगाउँ, जाजरकोट
Karkigaun, Jajarkot
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal


प.सं./Let. No.:२०८०/०८१
च.नं./Ref. No.:

मितिः२०८०/०७/१९

## प्रेस विज्ञप्ति

मिति २०८०/०७/१७ गते राति ११:४७ बजे जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका स्थित रामिडाँडा आसपास क्षेत्रलाई केन्द्रविन्दु बनाई गएको ६.४ रेक्टर स्केलको भुकम्पमा परि ज्यान गुमाउनु भएका यस नगरपालिका अन्तर्गत वडा नं.१० निवासी कर्णे अधिकारीको श्रीमति वर्ष ५१ की जया अधिकारी, वडा नं.१३ निवासी नर बहादुर खड्काको छोरी वर्ष १६ की एकता खड्का सहित २ जना मृतक सहित जाजरकोट र रुकुम पश्चिममा ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। यस नगरपालिका अन्तर्गत विपदमा परि घाइते हुनु भएका क्रमश वडा नं.१० निवासी वर्ष ५२ का कर्णे अधिकारी, वडा नं.७ निवासी वर्ष २८ की ससिला रोकाय, वडा नं.९ निवासी वर्ष १६ का नविन सार्की, वर्ष ७ का युकेश सार्की लगाएत जाजरकोट र रुकुम पश्चिममा घाइते हुनु भएका सम्पूर्ण घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना सहित मृतकका आफन्त र परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु। यस महा विपत्ति र दुःखद घडिमा सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई, दिदिबहिनी, राजनितिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, पत्रकार, सञ्चारकर्मी, सुरक्षाकर्मी, सहयोगी दातृ निकाय, साझेदार संस्था, नागरिक समाज, निजि क्षेत्र सवैमा खोज उद्धार राहत सहयोग र पुनःस्थापना कार्यमा खटिनुहुन अनुरोध गर्दछु। यतिबेला छेडागाड नगरपालिका जाजरकोट शोकमा डुबेको छ भने नगरवासीहरु भावविव्हल अवस्थामा छौं। तसर्थ मिति २०८०/०७/१९ गते बसेको स्थानीय विपद व्यवस्थापन समितिको आपतकालिन बैठक बसी देहाय बमोजिमका निर्णय गरेका छौं।

१.यस नगरपालिका अन्तर्गतका २ जना मृतक सहित जाजरकोट र रुकुम पश्चिममा ज्यान गुमाउने प्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै मृतकको सम्मानमा मिति २०८०/०७/२० गते यस नगरपालिकाको कार्यालयहरुमा राष्ट्रिय झण्डा झुकाउने।

२.भुकम्पमा परि घाइते भएकाहरु ४ जना मध्ये एक जनालाई एम्बुलेन्स मार्फत कोहलपुर मेडिकल कलेज बाँकि र एक जनालाई हेलीकोप्टर मार्फत प्रदेश अस्पताल बीरेन्द्रनगर सुर्खेत पुन्याई उपचार भइरहेको र बाँकी दुई जना बालकलाई आधारभूत अस्पताल छेडागाडमा उपचार भइरहेको छ। घाइते तथा मृतकहरुको थप उद्धार तथा उपचार कार्यलाई निरन्तरता दिने निर्णय गरिएको छ।

३.यस नगरपालिकाका भुकम्प पिडित परिवारको राहत उद्धार तथा पुनःस्थापना कार्यका लागी नगरपालिका अन्तर्गतका जनप्रतिनिधि, शिक्षक, कर्मचारीले एक-एक दिन बराबरकोको पारिश्रमिक, भत्ता बापतको रकम छेडागाड नगरपालिका स्थानीय तह प्रकोप व्यवस्थापन कोषको खाता नं. ग.७.२, २६४०४०१००००००६ मा सहयोग स्वरुप जम्मा गर्ने।

४.भुकम्पबाट मृत्यू भएका घर परिवारलाई प्रति घरपरिवारलाई रु.२५,०००/- का दरले काजक्रिया खर्च बापत आर्थिक सहायता प्रदान गर्ने, तथा नगरपालिका बाहिर रिफर भएका प्रति बिरामि रु.२०,०००/- र पालिकामा उपचार भइरहेका प्रतिबिरामी रु १०,०००/- का दरले उपचार खर्च बापत आर्थिक सहायता प्रदान गर्ने।

छेडागाड नगरपालिका
**Chhedagad Municipality**
# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive

कार्कीगाउँ, जाजरकोट
Karkigaun, Jajarkot
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

प.सं./Let. No.:२०८०/०८१
च.नं./Ref. No.:

५.भुकम्पबाट क्षति भएका व्यक्तिगत आवास, सार्वजनिक संरचना (विद्यालय भवन, घेरावरा खेलमैदान, स्वास्थ्य चौकी, वडा कार्यालय भवन, सामुदायिक भवन, खानेपानी, सिचाँई, सडक, पुल, मठमन्दिर, पाटिपौवा, प्रतिक्षालय आदी) पशु चौपाय र अन्य धनजनको क्षतिको विवरण लगत संकलन तथा मुल्याङ्कन गर्न नगर उप-प्रमुख श्री चन्द्र बहादुर थापाको संयोजकत्वमा १३ सदसीय पालिका स्तरिय विपद क्षति लगत संकलन तथा मुल्याङ्कन समिति गठन गरिएको छ।

६.फेरिपनि भुकम्पका पराकम्पन आउन सक्ने भएकाले भएरहित भई सुरक्षित र खुल्ला स्थानमा रहनुहोला साथै यस नगरपालिकामा प्रभावित वडाहरुका ८०% घरहरु आंशिक रुपमा चर्किएका छन् भने करिव ३१८ घरधुरिका नागरिकहरु विस्थापित भएको, १९४५ घरधुरीका नागरिकहरु उच्च जोखिममा रहेका र करिव ९२ वटा सार्वजनिक संरचना क्षतिग्रस्त रहेकोले राहत तथा पुनःस्थापना कार्यमा लाग्न सम्वद्ध सबैमा जानकारीका लागी अनुरोध गर्ने।

७.यस नगरपालिकाका भुकम्प पिडित नागरिकलाई राहत वितरण पुनःनिर्माण पुनःस्थापना कार्यमा सहयोग गर्न चाहने दातृ निकाय, संघ/संस्था, निजि क्षेत्रलाई आव्हान गर्ने साथै छेडागाड नगरपालिकाको विपद व्यवस्थापन समिति र क्षति लगत संकलन तथा मुल्याङ्कन समितिको समन्वयमा एकद्वार प्रणाली मार्फत राहत संकलन वितरण तथा पुनःस्थापना कार्य गर्ने साथसाथै आर्थिक सहयोग गर्न चाहने सहयोगी दाताहरुले छेडागाड नगरपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता नं. ग.७.२. २६४०४०१०००००६ मा जम्मा गरि सहयोग गरिदिनुहुन जसको लागी आवश्यक सम्पर्क नं.९८५११२७४४६, ९८६८१८६५८३, ९८५११५१५२७, ९८४३४२३४४० मा सम्पर्क गर्नुहुन अनुरोध गर्ने।

अन्त्यमा भुकम्पमा परि मृत्यू तथा घाईते भएका सम्पूर्ण ब्यक्तिहरुको उद्धार तथा उपचार कार्यमा खटिरहनु भएका सम्पूर्ण सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, राजनितिक दल, जनप्रतिनिधि, युवा, पत्रकार, विकास साझेदार, संघ/संस्था, समाजसेवी, सम्माननीय प्रधानमन्त्री ज्यू, माननीय प्रदेश मुख्यमन्त्री ज्यू, संघ तथा प्रदेशका माननिय मन्त्री ज्यूहरु, माननीय संसद ज्यूहरु, आदरणीय नगर प्रमुख ज्यू, प्रमुख जिल्ला अधिकारी ज्यू, जिल्ला प्रहरी प्रमुख ज्यू लगायत विपदमा सहयोग गर्न अहोरात्र खटिनुहुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

.................
चन्द्र बहादुर थापा
नगर उप-प्रमुख